भोकाहा नरसिंह गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

चिरौली, सुनसरी

१ नं.प्रदेश, नेपाल

## औषधी तथा सर्जिकल सामाग्री खरिदको लागि ई-विडिङ्ग मार्फत शिलवन्दी दरभाउपत्र आह्वान गरिएको सूचना

(प्रथम पटक सूचना प्रकाशित मिति : २०७८।०८।२१)

यस भोकाहा नरसिंह गाउँपालिको विभिन्न स्वास्थ्य चौकी तथा आधारभुत स्वास्थ्य केन्द्रहरुमा औषधी तथा सर्जिकल सामाग्रीहरु E-Bidding माध्यमबाट मात्र खरिद गर्नुपर्ने भएकोले ईजाजत प्राप्त फर्म, संस्था वा कम्पनीले आफ्नो फर्म, संस्था वा कम्पनी दर्ता प्रमाणपत्र व्यवसाय दर्ता प्रमाणपत्र (आ.व. २०७७।०७८ सम्म नविकरण गरिएको) स्थायी लेखा (प्यान) दर्ता प्रमाणपत्र, मु.अ.कर दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र (०७७।०७८) लगायत कागजातहरुको प्रतिलिपी संलग्न गरी निम्न शर्तको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले तपसिल बमोजिम दरभाउपत्रको हकमा १६ औं दिन दिनको १२:०० बजे सम्म PPMO/EGP/NP मा प्रस्ताव दर्ता गर्नु हुन यो सुचना प्रकाशित गरिएको छ। दर्ता भएको प्रस्तावहरु सोही दिन अपरान्ह ०२:०० बजे पछि खोलिने छ।

तपसिल

| सि.नं. | ठेक्का नं. | सामानको विवरण | धरौटी रकम | बोलपत्र/दरभाउपत्र फारम दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| १ | BNRM/H-Goods/02/078/079 | निःशुल्क औषधी तथा सर्जिकल साधन समाग्रीहरु | ५६०००।- | १०००।- | |

शर्तहरु

१. बोलपत्र/दरभाउपत्र खरिद गर्ने र दर्ता गर्ने दिन सार्वजनिक विदा पर्न गएमा सोको भोलिपल्ट सोही समयमा विक्री गर्ने र दर्ता गर्ने कार्य गरिनेछ।

२. सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली २०६४ अनुसार रित नपुगेका र समयमा दर्ता नभएका प्रस्तावहरु उपर कुनै कार्यवाही गरिने छैन। बोलपत्र/दरभाउपत्रमा उल्लेख भएका औषधीको परिमाण कार्यालयको आवश्यक्ता अनुसार थपघट गर्न सकिनेछ।

३. बोलपत्र दाताले फाराम दस्तुर वापतको रकम भोकाहा नरसिंह गाउँपालिका कार्यालयको नाममा रहेको लक्ष्मी बैंकमा रहेको संचित कोष खाता नं.०७९०३०००२१२ मा जम्मा गरेको भौचर संलग्न गरी प्रस्ताव साथ पेश गर्नु पर्नेछ।

४. बोलपत्र दाताले धरौटी वापतको रकम भोकाहा नरसिंह गाउँपालिका कार्यालयको नाममा रहेको लक्ष्मी बैंक लि. मा रहेको धरौटी खाता नं.०७९०३०००१६८ मा जम्मा गरेको भौचरको वा बोलपत्र दर्ता गर्ने अन्तिम दिन देखि ९० दिन मान्य अवधि भएको नेपाल सरकारबाट मान्यता प्राप्त बैंकको बैंक ग्यारेन्टी संलग्न गरी प्रस्ताव साथ पेश गर्नु पर्नेछ।

५. औषधी तथा सर्जिकलत साधन सामाग्रीको दर रेट पेश गर्दा VAT बाहेकको मुल्य पेश गर्नुपर्नेछ।

६. बोलपत्र/दरभाउपत्र साथ विश्वसनिय कम्पनीका औषधीको नाम औषधी व्यवस्था विभागमा रजिष्टर भएको हुनु पर्नेछ।

७. बोलपत्र/दरभाउपत्र पेश गर्दा कर्यालयले तोकेको समय भित्र बुझाउनु पर्ने छ।

८. स्वीकृत बोलपत्र/दरभाउपत्र अनुसारको औषधी तथा समाग्रीहरु एकमुष्ट वा आवश्यक्ता अनुसार पटक पटक अडर दिई खरिद गरिनेछ।

९. बोलपत्र/दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कार्यालयमा निहित रहनेछ।

१०. थप अन्य जानकारीको लागि भोकाहा नरसिंह गाउँपालिकाको कार्यालयमा सम्पर्क गर्न सकिनेछ।

११. औषधी खरिद गर्दा WHO/GMP Certified Company बाट उत्पादित औषधीहरु मात्र खरिद गरिने छ।

१२. Supply हुने औषधीको प्रत्येक Packing बाहिर Expire Date, ब्याच नं.अनिवार्य उल्लेख भएको हुनुपर्नेछ।

प्रमुख प्रशासकीय अधिकृत